# प्रेस विज्ञप्ति

राइड सेयरिङ व्यवसायमा लोकप्रिय हाम्रो कम्पनी पठाओ नेपालले मुलुकभर थप १७ सहरमा छिट्टै 'बाइक राइड' सेवा विस्तार गर्ने घोषणा गर्न पाउँदा हामी हर्षित छौँ। मुलुकभर सेवा विस्तार गर्ने नीतिअनुसार हाल बागमती प्रदेशको काठमाडौं उपत्यका र चितवनमा मात्रै सीमित पठाओको सेवा छिट्टै थप सहरमा उपलब्ध गराउन लागिएको हो।

राइड सेयरिङ सेवाको पर्याय बनेको पठाओको सेवा अब कोशी प्रदेशका नौ सहरहरु बिराटनगर, दमक, उर्लाबारी, बिराटचोक, इटहरी, इनरुवा, धरान, बिर्तामोड, भद्रपुरमा उपलब्ध हुनेछ। साथै मधेस प्रदेशको वीरगञ्ज र जनकपुरमा पनि सेवा उपलब्ध हुँदैछ।

त्यसैगरी बागमती प्रदेशको हेटौंडा, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, नेपालगञ्ज र भैरहवा तथा सुदूरपश्चिम प्रदेशको धनगढीमा पठाओको सेवा बिस्तार गर्न लागेको जानकारी यहाँहरुमाझ जानकारी गराउन पाउँदा हामी निकै खुसी छौँ। साथै भविष्यमा अन्य सहरमा पनि सेवा बिस्तार गर्ने हाम्रो योजना छ।

सेवा बिस्तारसँगै अब हामीले नजिकैको एक सहरबाट अर्को सहरमा जान 'इन्टर सिटी बुकिङ' समेत गर्न मिल्ने गरी पठाओको सेवा बिस्तार गर्न लागेका छौँ। साथै सेवा बिस्तार गर्न लागिएका सहरमा बाइक राइडर दर्ताको प्रक्रिया पनि सुरु भएको छ। राइडरहरुले नविकरण भएको लाइसेन्स र बिलबुक र इन्स्योरेन्स कागजातसहित आबद्धताका लागि आवेदन दिन सक्नुहुनेछ। कागजी प्रक्रिया पूरा भएपछि उहाँहरुलाई अनलाइनमार्फत तालिम दिइनेछ। बाइक राइडर बन्न इच्छुकले आबद्धताका लागि पठाओको सामाजिक सञ्जाल वा ०१-५९७००९९ मार्फत सम्पर्क गर्न सक्नुहुनेछ।

राइडर बन्नेहरुले प्ले स्टोरबाट 'पठाओ ड्राइभ' एप डाउनलोड गर्नुपर्ने हुन्छ। हाल पठाओको विभिन्न सेवामा दुई लाखभन्दा बढी व्यक्ति आबद्ध हुनुहुन्छ। एक लाख ९० हजारभन्दा बढी बाइक राइडर। १० हजारभन्दा बढी क्याप्टेन (ट्याक्सी चालक) र फूड डेलिभरीमा ५ हजारभन्दा बढी पठाओ हिरो दर्ता भइसक्नुभएको छ। पठाओमा राइडसँगै पठाओ फूड, बजार र पार्सल सेवा पनि उपलब्ध छ।

नेपालकै पहिलो र सबैभन्दा बढी रकमको राइड सेयरिङ बीमा भएको पठाओमा अनलाइन राइडका क्रममा दुर्घटना भइ मृत्यु भए वा अंगभंग भएमा १० लाख रुपैयाँसम्म र उपचार लागि एक लाख रुपैयाँसम्मको बीमाको व्यवस्था गरिएको छ।

हामीले सेवाग्राहीको हितमा ध्यानमा राख्दै २४सै घण्टा कस्टमर केयर सेवा उपलब्ध गराउँदै आएका छौँ। सेवाग्राहीले कुनै पनि समय सम्पर्क गरी आफ्नो उजुरी, गुनासो तथा सुझाव दर्ता गराउन सक्नुहुन्छ। एन्ड्रोइड र आइफोन दुवै प्रयोगकर्ताले मोबाइलमा पठाओको एप डाउनलोड गरी विभिन्न सेवा दिन र लिन सक्नुहुन्छ। पठाओको मोबाइल एप हालसम्म ५० लाखभन्दा बढी पटक डाउनलोड भइसकेको छ।

**असिममान सिंह बस्न्यात**
प्रबन्ध निर्देशक
पठाओ नेपाल प्रा लि
मिति: २१ चैत्र २०८०

पठाओ नेपाल प्राइभेट लिमिटेड
Pathao Nepal Private Limited

**Pathao Nepal Pvt. Ltd.**
Nava Srijana Marga-10, Mid Baneshwor, Kathmandu, Nepal